भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पत्र.सं. (रोजगार सेवा केन्द्र) २०७७/०७८
चलानी नं.: ९९४

मितिः-२०७७/११/०७

श्री वडा कार्यालयहरु, सबै।

विषयः न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारेको सूचना।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७/१०/२५ च.नं. २५८ को प्राप्त पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५(पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारिमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिले <u>२०७७ फागुन मसान्त सम्म</u> सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै, मापदण्डमा नपरेका र विवरण पूरा नभएका निवेदनहरु वडा कार्यालयहरुले दर्ता नगर्नुहुन अनुरोध छ।

<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:</u>

क) बेरोजगार नागरिक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको हुनुपर्ने।

ख) स्वरोजगारमा संगलग्न नभएको।

ग) नेपाल सरकारले तोकेको वार्षिक न्यूनतम पारिश्रमिक(५१,७००)भन्दा कम वार्षिक आय भएको।

<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात:</u>

क) निवेदन साथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फोटो १/१ प्रति।

ख) निवेदकको परिवारका सम्पूर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्र / जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी।

ग) निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्टको प्रतिलिपि (पासपोर्ट नं.,भिसा र फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपी)।

घ) निवेदकको कुनै सीप खुल्ने कागजात भए सो को समेत प्रतिलिपी।

(बसन्ती सुबेदी)
रोजगार संयोजक

( चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत